**सर्वोच्च अदालत, पूर्ण इजलास**
**माननीय न्यायाधीश श्री कुमार रेग्मी**
**माननीय न्यायाधीश श्री शारङ्ग सुवेदी**
**माननीय न्यायाधीश श्री नित्यानन्द पाण्डेय**

## फैसला

**मुद्दा नं. ०८२-CF-००१४**

विष्णुप्रसाद गौतमको जाहेरीले नेपाल सरकार ------------------------------ १ वादी

**विरुद्ध**

मधुरा भगतको नाति, जनक भगत र कमलावती देवीको छोरा, भारत देश, विहार प्रदेश, छपणा जिल्ला, चौसा स्थायी घर भई हाल कारागार कार्यालय नख्खु ललितपुरमा कैदमा रहेका अर्जुनकुमार भन्ने भोलाकुमार -------------------- १ प्रतिवादी

**मुद्दा नं. ०८२-CF-००१५**

ताहिर हुसैनको छोरा, जिल्ला सिराहा, कल्याणपुर नगरपालिका वडा नं. ४ घर भई हाल कारागार कार्यालय नख्खुमा कैदमा रहेका महमद नौसाद ---------- १ पुनरावेदक प्रतिवादी

**विरुद्ध**

विष्णुप्रसाद गौतमको जाहेरीले नेपाल सरकार ------------------------------ १ प्रत्यर्थी वादी

**मुद्दा नं. ०८२-CF-००१६**

सफि मोहम्मदको नाती, मोहम्मद अफुजल र सकिला खातुनको छोरा, भारत देश, विहार प्रदेश, मधुवनी जिल्ला, थाना खजौली घर भकुवा वडा नं. १३ स्थायी वतन भई हाल कारागार कार्यालय नख्खु ललितपुरमा कैदमा रहेका मोहम्मद रहिष -१ पुनरावेदक प्रतिवादी

**विरुद्ध**

विष्णुप्रसाद गौतमको जाहेरीले नेपाल सरकार ------------------------------ १ प्रत्यर्थी वादी

मुद्दा नं. ०८२-CF-००१७

सीताराम भट्टराईको छोरी, भक्तपुर जिल्ला, चाँगुनारायण नगरपालिका वडा नं.७ घर भई हाल महिला कारागार कार्यालय सुन्धारामा कैदमा रहेकी दीपा भन्ने ईश्वरी भट्टराई ------------------------------------------------------------ १ | पुनरावेदक प्रतिवादी

विरुद्ध

विष्णुप्रसाद गौतमको जाहेरीले नेपाल सरकार ------------------------------ १ | प्रत्यर्थी वादी

मुद्दाः- ज्यान सम्बन्धी कसूर।

सुरु तहमा फैसला गर्नेः मा.जि.न्या. डा. श्री श्रीप्रकाश उप्रेती
भक्तपुर जिल्ला अदालत
फैसला मितिः २०७६।०९।१०
मुद्दा नं. ०७६-C१-०००५

पुनरावेदन तहमा फैसला गर्नेः माननीय न्यायाधीश श्री महेश शर्मा पौडेल
माननीय न्यायाधीश श्री किरण कुमार पोखरेल
उच्च अदालत पाटन
फैसला मितिः २०७७।०८।१९
मुद्दा नं. ०७६-CS-१७७७, ०७६-CS-२४६३,
०७६-CS-२४६८ र ०७७-CS-०११९

पूर्ण इजलासमा पेस गर्न आदेश गर्नेः माननीय न्यायाधीश श्री अब्दुल अजीज मुसलमान
माननीय न्यायाधीश श्री मेघराज पोखरेल
आदेश मितिः २०८२।१०।२५

उच्च अदालत पाटनको मिति २०७७।०८।१९ को फैसलाउपर न्याय प्रशासन ऐन, २०७३ को दफा ९ बमोजिम प्रतिवादीहरु महमद नौसाद, मोहम्मद रहिष र दीपा भन्ने ईश्वरी भट्टराईको छुट्टाछुट्टै पुनरावेदन परेको र प्रतिवादी अर्जुनकुमार भन्ने भोलाकुमारको हकमा न्याय प्रशासन ऐन, २०७३ को दफा १० बमोजिम साधक जाँचको लागि यस अदालतमा पेस भएकोमा यस अदालतको संयुक्त इजलासबाट सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ को उपनियम (२) को खण्ड (ङ) बमोजिम पूर्ण इजलासमा पेस गर्नु भन्ने मिति २०८२।१०।२५ मा भएको आदेशानुसार प्रस्तुत मुद्दा यस इजलासमा पेस हुन आएको पाइयो।

१. प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी महमद नौसादको तर्फबाट अधिवक्ताहरु श्री अजय शंकर झा रुपेस, श्री विमला यादव, श्री प्रकाश निरौला र श्री शीला के.सी. ले हाम्रो पक्ष प्रतिवादी महमद नौसादले अधिकार प्राप्त अधिकारी तथा अदालतमा समेत अभियोग दावीको कसूरमा साबिती रही बयान गरेका छन्। प्रतिवादी महमद नौसादले कसूरको अनुसन्धान तथा अन्य अभियुक्तहरुलाई पक्राउ गर्न सहयोग गरेको अवस्था छ। प्रतिवादी महमद नौसादको हकमा सुरुदेखि नै सजाय छुटको दावी लिइएको छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ को कानूनी प्रावधान नितान्त अभियोजन पक्षसँग सम्बन्धित छ, जुन महान्यायाधिवक्ताको कार्यालयको स्वविवेकमा छाडिएको छ। मुलुकी अपराध संहिता, २०७४ को दफा ४७ ले सजाय छुटको अधिकार अदालतलाई दिएको छ। यी दुई व्यवस्था फरकफरक व्यवस्था भएकोले जोडेर हेर्न मिल्दैन। अभियोजन पक्षले सजाय छुटको मागदावी नलिएको अवस्थामा पनि प्रतिवादीले अनुसन्धानमा तथा अदालतलाई सहयोग गरेको अदालतले महसुस गरेमा त्यस्तो प्रतिवादीलाई ५० प्रतिशतसम्म सजायमा छुट दिन सक्ने गरी कानूनले अधिकार दिएको छ। सुधारात्मक दण्ड प्रणाली अबलम्बन गरेको नेपालको हालको न्याय व्यवस्थामा आफूले गरेको गल्तीको पश्चाताप गरेमा सजायमा छुट दिनुपर्ने मान्यता समेत रहेकोले हाम्रो पक्षको हकमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४७ बमोजिम सजायमा ५० प्रतिशत छुट पाउने गरी फैसला गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

२. पुनरावेदक प्रतिवादी दिपा भन्ने इश्वरी भट्टराईको तर्फबाट विद्वान् अधिवक्ताहरु श्री रामचन्द्र पौडेल र श्री निरञ्जन भट्टराईले प्रस्तुत फैसला पूर्ण इजलासमा पठाउने कुरासँग हाम्रो कुनै सरोकार छैन। हाम्रो पक्ष प्रतिवादी दिपा भन्ने ईश्वरी भट्टराईको हकमा तथ्य प्रमाण हेरी फैसला गरिपाउँ। मृतक हाम्रो पक्ष प्रतिवादी दिपा भन्ने ईश्वरी भट्टराईको आफ्नै आमा हुन्। प्रतिवादीमाथि आमा मारेको भन्ने गम्भीर आरोप लागेकोमा हाम्रो पक्ष अनुसन्धानदेखि नै इन्कारी छन्। अन्य प्रमाणको अभावमा सहप्रतिवादीको पोलको आधारमा मात्र कसूरदार ठहर गर्न नमिल्ने हुँदा हाम्रो पक्षले अभियोग दावीको कसूरबाट पूर्णतः सफाई पाउनुपर्छ भनी गर्नु भएको बहस सुनियो।

३. त्यसैगरी, पुनरावेदक प्रतिवादी मोहमद रहिषको तर्फबाट वैतनिक अधिवक्ता श्री लक्ष्मी

(नानी) थापाले मेरो पक्ष प्रतिवादी महमद रहिषले मार्ने नियत नभएको अवस्थामा केवल पैसाको लोभमा परी अर्काको बहकाउमा लागेर कसूर गर्न पुगेको अवस्था हो। पछि निजले आफ्नो गल्तीप्रति पश्चाताप गरेर अभियोग दावीको कसूरमा साबिती रही साँचो कुरा गरेर अनुसन्धान तथा अदालतलाई सहयोग गरेका छन्। मुलुकी अपराध संहिता, २०७४ को दफा ४७ बमोजिम अदालतले सजायमा छुट दिन सक्ने नै हुँदा मेरो पक्षलाई तोकिएको सजायमा ५० प्रतिशत छुट दिलाई पाउने गरी फैसला गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

४. वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री बिना दाहालले प्रतिवादीहरु महमद नौसाद र मोहम्मद रहिषले सजायमा छुटको जिकिर लिएको भएतापनि निजहरुले कसूरबाट उम्कनको लागि गरेको प्रयास असफल भएपछि अन्त्यमा समर्पण गरेको अवस्था भएकोले निजहरुको हकमा सजाय छुट दिन मिल्ने होइन। Plea Bargaining को सन्दर्भ भनेको अभियुक्तले अनुसन्धानमा अनुसन्धान गरेको अवस्थामा अभियोजन पक्षले सजायमा छुटको दावी लिन सक्ने गरी भएको कानूनी व्यवस्था हो। अभियोजन गर्दा सजाय छुटको दावी नलिएको अवस्थामा अदालत आफैले सजाय छुट दिन मिल्ने अवस्था नरहेकोले प्रतिवादीहरुले सजाय छुट पाउने अवस्था छैन। अर्कोतिर प्रतिवादी दिपा भन्ने ईश्वरी भट्टराईउपर किटानी जाहेरी परेको छ। निजलाई पोल गर्ने सहप्रतिवादीहरु आफू कसूरमा सावित भई यी प्रतिवादीलाई पोल गरेको अवस्था हो। निजको कसूरमा संलग्नतालाई मिसिल संलग्न प्रमाणले पुष्टि भइरहेको अवस्था छ। सबै प्रतिवादीहरुउपर अभियोग दाबीबमोज़िमको कसूर स्थापित भएको अवस्थामा सुरु तथा उच्च अदालतबाट भएको सजाय मिलेकै हुँदा सो फैसला सदर गरी पाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

५. यसमा, प्रतिवादीहरू मोहम्मद रहिष, अर्जुनकुमार भन्ने भोलाकुमार र महमद नौसादलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ को उपदफा (१) को कसूरमा सोही दफाको उपदफा (२) बमोजिम जन्मकैदको सजाय हुन र प्रतिवादी दिपा भन्ने ईश्वरी भट्टराईलाई सोही संहिताको दफा ३३ को उपदफा (१), (२) र (३)(क) को कसूरमा सोही संहिताको दफा ३३ को उपदफा (३)(क) तथा दफा १७७ को उपदफा (२) बमोजिम जन्मकैदको सजाय हुन तथा प्रतिवादीहरुबाट पीडितका हकदारलाई क्षतिपूर्ति भराई

पाउनसमेत अभियोग मागदाबी लिइएकोमा प्रतिवादीहरू मोहम्मद रहिष, अर्जुनकुमार भन्ने भोलाकुमार र महमद नौसादउपर मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ को उपदफा (१) को कसूरमा सोही दफाको उपदफा (२) बमोजिम जन्मकैदको सजाय र प्रतिवादी दिपा भन्ने ईश्वरी भट्टराईलाई सोही संहिताको दफा ३३ को उपदफा (१), (२) र (३)(क) को कसूरमा सोही संहिताको दफा ३३ को उपदफा (३)(क) तथा दफा १७७ को उपदफा (२) बमोजिम जन्मकैदको सजाय हुने तथा दफा १८६ बमोजिम प्रतिवादी दिपा भन्ने ईश्वरी भट्टराई बाहेकका मृतकका हकवालालाई कसूर ठहर भएका दिपा भन्ने ईश्वरी भट्टराई समेतका चारजना प्रतिवादीहरूबाट जनही रू.७५,०००।- (पचहत्तर हजार रूपैयाँ) क्षतिपूर्ति भराई दिने र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(१)(झ) बमोजिम यी प्रतिवादीहरूले जनही रू.२,८००।-(दुई हजार आठ सय रूपैयाँ) क्षतिपूर्ति शूल्क बुझाउनुपर्ने ठहऱ्याई सुरु भक्तपुर जिल्ला अदालतबाट मिति २०७६।०९।१० मा फैसला भएको पाइयो। सो फैसलामा चित्त नबुझाई सबै प्रतिबादीहरुको तर्फबाट छुट्टाछुट्टै पुनराबेदन परेकोमा उच्च अदालत पाटनबाट सुरु जिल्ला अदालतको फैसला नै सदर हुने ठहर गरी मिति २०७७।०८।१९ मा फैसला भएको देखियो।

६. उच्च अदालत पाटनको मिति २०७७।०८।१९ को उक्त फैसलाउपर प्रतिवादीहरु मध्येका महमद नौसादले मुलुकी अपराध संहिता, २०७४ को दफा ४७ को कानूनी व्यवस्थाबमोजिम ५० प्रतिशतसम्म सजायमा छुट पाउँ भनी, प्रतिवादी मोहम्मद रहिषले मुलुकी अपराध संहिता, २०७४ को दफा ३९ र ४७ को कानूनी व्यवस्थाबमोजिम सजायमा छुट पाउँ भनी र प्रतिवादी दीपा भन्ने ईश्वरी भट्टराईले अभियोग दावीबाट सफाई पाउँ भनी छुट्टाछुट्टै पुनरावेदन परेको र प्रतिवादी अर्जुनकुमार भन्ने भोलाकुमारको हकमा साधक जाँचको लागि मुद्दा दर्ता भई पेस भएकोमा यस अदालतको संयुक्त इजलासबाट मिति २०८२।१०।२५ मा पूर्ण इजलासमा पेस गर्ने आदेश भएको देखियो।

७. यस अदालतको संयुक्त इजलासको मिति २०८२।१०।२५ को आदेशमा "**मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ मा उल्लेख भए बमोजिम अभियोगपत्रमा दावी नगरिएको अवस्थामा अदालतले अनुमानका आधारमा मुलुकी अपराध संहिताको दफा ४७ अनुसारको सजायमा छुट दिन सक्ने वा कम गर्न सक्ने अवस्था नदेखिने भनी यस अदालतको**

मिति २०७८ साल माघ २३ गते फैसला भएको जबरजस्ती करणी (०७८-RC-००६५) को मुद्दाको फैसलामा व्याख्या भएको देखिन्छ। उक्त दफा ४७ को उपदफा (३) को प्रावधान हेर्दा अभियोगपत्र दायर भइसकेपछि पूर्पक्षको अवस्थामा पनि अदालतले सजायमा छुट दिन सकिने कुरामा विचार गर्न सक्ने अवस्था देखिएकोले अभियोग पत्रमा सजाय छुटको दावी भए मात्र छुट दिन मिल्ने आशयका साथ यस अदालतबाट भएको उक्त जबरजस्ती करणी मुद्दा ०७८-RC-००६५ को फैसलामा यो इजलास सहमत हुन सकेन। अतः समान तहको इजलासबाट प्रतिपादित उल्लेखित सिद्धान्तको विपरीत हुने गरी यस इजलासबाट अन्यथा व्याख्या हुनु नजिरको पदसोपानको सिद्धान्त अनुकूल समेत नहुने भएकाले सरकारी वकिलबाट अभियोग पत्रमा छुटको दावी आएमा मात्र छुट दिन मिल्ने हो वा मुद्दा पूर्पक्षको क्रममा अदालतले पनि छुट दिन सक्ने हो भन्ने विषयमा विहंगम विचार गरी पूर्ण इजलासबाट निश्चित अवधारणा अबलम्वन गर्नुपर्ने" भन्ने समेतको ब्यहोरा उल्लेख गर्दै प्रस्तुत मुद्दा पूर्ण इजलासमा पेस गरिएको पाइयो।

८. पूर्ण इजलासमा पेस गर्ने गरी भएको उल्लिखित आदेश समेतलाई बिचार गर्दा प्रस्तुत मुद्दामा देहाय बमोजिमका सवालहरुमा केन्द्रित भई निर्णय दिनुपर्ने देखिन आयो।

क. सजाय छुट सम्बन्धमा प्रचलित संहितामा रहेको कानूनी व्यवस्थाले अभियोजनकर्ता तथा अदालतलाई के कस्तो अधिकार प्रदान गरेको छ?

ख. सजाय छुटको मागदावी नलिई अभियोगपत्र दायर भएको अवस्थामा अदालतले सजायमा छुट दिन सक्ने हो वा होइन?

ग. आदेशमा उल्लिखित मुद्दा नं. ०७८-RC-००६५ को जबरजस्ती करणी मुद्दाको फैसलामा भएको सजाय छुट सम्बन्धी व्याख्या मिलेको छ वा छैन?

घ. प्रस्तुत मुद्दामा सजाय छुट सम्बन्धमा के कस्तो निर्णय दिनुपर्ने हो?

९. **"सजाय छुट सम्बन्धमा प्रचलित संहितामा रहेको व्यवस्थाले अभियोजनकर्ता तथा अदालतलाई के कस्तो अधिकार प्रदान गरेको छ?"** भन्ने पहिलो प्रश्नतर्फ विचार गर्दा, मुलुकी अपराध संहिता, २०७४ को दफा ४७ को कानूनी व्यवस्था हेर्दा सजाय छुट दिन सकिने व्यवस्था अन्तर्गत उपदफा (१) मा "कुनै कसूरदारले आफुले गरेको कसूर स्वीकार गरी त्यस्तो कसूरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई

पक्राउ गर्न वा अनुसन्धान वा अभियोजन पक्ष वा अदालतलाई सघाउ पुऱ्याएकोमा कानून बमोजिम हुने सजायको बढीमा पचास प्रतिशतसम्म सजाय छुट दिन सकिनेछ" भन्ने व्यवस्था रहेको छ। त्यस्तै उपदफा ३ मा "उपदफा (१) बमोजिम सजायमा छुट दिंदा अभियुक्तले अनुसन्धान वा पूर्पक्षको कुन अवस्थामा कसूर स्वीकार गरेको हो र कस्तो परिस्थितिमा त्यस्तो कसूर स्वीकार गरेको हो त्यस्तो कुरालाई समेत विचार गर्नु पर्नेछ" भन्ने कानूनी व्यवस्था रहेको छ।

१०. त्यसैगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ मा सजाय कम गर्ने मागदावी लिई अभियोगपत्र दायर गर्न सकिने व्यवस्था रहेको छ। जसको उपदफा (१) मा "यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसूरको अभियुक्तले अनुसन्धान अधिकारीलाई त्यस्तो कसूरको अनुसन्धान गर्न सहयोग पुऱ्याएबापत त्यस्तो अभियुक्तलाई कानूनबमोजिम हुने सजायमा छुट हुन अनुसन्धान अधिकारीले सरकारी वकिल समक्ष सिफारिस गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको छ। त्यस्तै उपदफा २ मा "उपदफा (१) बमोजिम सिफारिस भई आएमा सरकारी वकिलले त्यस्तो सिफारिसलाई समेत विचार गरी त्यस्तो अभियुक्तलाई हुने सजायमा छुट दिन प्रस्ताव गरी शर्तसहितको मागदावी लिई अभियोगपत्र दायर गर्न सक्नेछ" भन्ने कानूनी व्यवस्था रहेको देखियो।

११. उल्लिखित कानूनी व्यवस्था हेर्दा, मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ३३ को हकमा यदि कुनै अभियुक्तले कसूरको अनुसन्धान गर्न सहयोग पुऱ्याएको छ भने सरकारी वकिलको तर्फबाट अभियोगपत्रमै सजाय कम गरिपाउन शर्तसहितको मागदाबी लिन सक्ने व्यवस्था रहेको देखिन्छ। नेपालको फौजदारी न्याय प्रणालीमा संहिता कानून लागू भएसँगै अनुसन्धान अधिकारीले सरकारी वकिललाई सिफारिस गर्ने र सरकारी वकिलले सजायमा छुटको मागदावी लिई अभियोग पत्र दायर गर्न सक्ने अर्थात Plea Bargaining को व्यवस्थालाई सुरुवात गरिएको छ। यसका लागि अभियुक्तले अनुसन्धानका क्रममा निजउपर लागेको कसूरलाई स्वेच्छाले स्वीकार गरेको, सत्यतथ्य उजागर गरी मुद्दाको अनुसन्धानमा सहयोग गरेको वा अरु अभियुक्तहरुलाई पक्रन सघाउ पुऱ्याएको अवस्था हुनुपर्ने शर्त रहेको छ।

१२. "अपराधलाई घृणा गर, अपराधीलाई होइन" (Hate the sin, not the sinner) भन्ने भनाईलाई आधुनिक फौजदारी न्याय प्रणालीमा दण्डको सुधारात्मक सिद्धान्त (Reformative Theory)

सँग जोडेर हेर्न सकिन्छ। सुधारात्मक दण्ड प्रणाली (Reformative Punishment System) फौजदारी न्याय प्रणालीको आधुनिक र मानवीय दृष्टिकोण राख्ने पद्दति हो। यसले मुख्यतः कसूरदारलाई शारीरिक वा मानसिक यातना दिएर नभई उ भित्रको आपराधिक मानसिकतामा परिवर्तन ल्याएर समाजमा पुनःर्स्थापना गर्ने विषयलाई महत्व दिन्छ। अर्थात यसले व्यक्तिभित्र रहेको आपराधिक मानसिकता र प्रवृत्ति परिवर्तन भएमा समाजबाट अपराधलाई छुट्याउन सकिन्छ। अभियुक्तलाई दिइने लामो अवधिको कैद सजायले अभियुक्तमा राज्यप्रति अझ बढि नकारात्मक भाव जागृत हुने र गम्भीर अपराधीहरू सँगको लामो संसर्गबाट उसमा आपराधिक मानसिकता बढ्न सक्ने सम्भावना हुन्छ। यसरी सुध्रिने मौका नपाएको अभियुक्त अन्ततः समाजमा फर्केर जाँदा उसको पुनःस्थापनामा समस्या पर्न सक्छ।

१३. दावीको सौदाबाजी (Plea Bargaining) लाई सुधारात्मक दण्ड प्रणाली अन्तर्गतको एउटा प्रकृयाको रुपमा लिइन्छ। सरकारवादी फौजदारी मुद्दामा अभियुक्तले निजउपरको अभियोग वा कसूर स्वीकार गरेबापत निजलाई हुन सक्ने सजायमा कम गर्ने वा अभियोगको गम्भिरता कम गर्ने विषयमा अभियुक्त र अभियोजनकर्ता बीचमा भएको कानूनी सम्झौता नै Plea Bargaining हो। यसको पहिलो शर्त भनेको अभियुक्तले स्वेच्छाले आफूले गरेको कसूर स्वीकार गरी सो कुरामा पश्चात्ताप गर्दै अनुसन्धानमा सहयोग गरेको हुनपर्ने हुन्छ। यसको प्रयोगबाट फौजदारी न्याय प्रणालीलाई छिटो छरितो र प्रभावकारी बनाउनमा सहयोग पुग्ने देखिन्छ। त्यसकारण आधुनिक दण्ड प्रणालीमा विभिन्न देशहरुमा यसलाई कानूनी वैधता दिई यसलाई अदालती अभ्यासमा ल्याउने क्रम बढ्दो छ।

१४. आधुनिक अवधारणाको रुपमा रहेको दावीको सौदाबाजी (Plea Bargaining) को विकास र प्रयोग विभिन्न राष्ट्रहरुमा फरक फरक ढंगले हुँदै आएको छ। संयुक्त राज्य अमेरिका (USA) को सन्दर्भमा हेर्दा त्यहाँ मुद्दाहरूको चाप अत्यधिक मात्रामा बढेपछि सन् १९६७ मा गठित President's Commission on Law Enforcement ले निश्चित शर्तहरू सहितको Plea Bargaining लाई खुला रूपमा स्वीकार गर्न सिफारिस गऱ्यो र पछि अमेरिकी बार एसोसिएसन (ABA) ले सन् १९६८ मा 'Standards Relating to Pleas of Guilty' जारी गरेपछि यसले संस्थागत रुप लियो। Federal Rules of Criminal Procedure को नियम ११ ले यसलाई व्यवस्थित गरेको छ। सोही दशकको सुरुवातमा अमेरिकी सर्वोच्च

अदालतले लगातार तीनवटा ठूला फैसला मार्फत Plea Bargaining को व्यवस्थालाई अगाडि बढाउन मद्दत गर्‍यो। Brady v. United States, 1970 को मुद्दामा अमेरिकी सर्वोच्च अदालतले स्वेच्छाले र परिणाम बुझेर गरिएको Plea Bargaining लाई संवैधानिक रूपमा मान्य ठहर गर्‍यो। अर्को एक मुद्दा (Santobello v. New York, 1971) मा अदालतले Plea Bargaining लाई फौजदारी न्याय प्रणालीको "अनिवार्य अङ्ग" रहेको भन्दै सम्झौता भइसकेपछि अभियोजनकर्ता सरकार आफ्नो बाचाबाट पछि हट्न नमिल्ने सिद्धान्त प्रतिपादन गर्‍यो। त्यस्तै, Lafler v. Cooper, 2012 को मुद्दामा अदालतले Plea Bargaining को चरणमा पनि अभियुक्तलाई कानून व्यवसायी (Counsel) को प्रभावकारी सहयोग पाउने अधिकार रहेको व्याख्या गर्‍यो।

१५. Plea Bargaining सम्बन्धमा बेलायतमा छुट्टै र लिखित कानून छैन। त्यहाँ १ जुन, २०१७ देखि इङल्याण्ड र वेल्समा लागू हुने गरी जारी गरिएको Sentencing Council's Guilty Plea Guidelines मार्फत यसलाई अभ्यास गरिन्छ। त्यहाँ अभियोग तोक्ने अधिकार सन् १९८६ मा स्थापित Crown Prosecution Service (CPS) लाई हुन्छ। यदि अभियुक्तले सुरुवाती चरणमै गल्ती स्वीकार गरेमा उसको सजायमा एक तिहाइ (१/३) सम्म छुट दिने व्यवस्था (Section 73, Sentencing Act, 2020) छ। तर अभियोजनकर्ता र अभियुक्त बीचमा भएको यस्तो सम्झौतालाई स्वीकार गर्ने वा अस्वीकार गर्ने भन्ने अन्तिम अधिकार न्यायाधीशहरूमा हुन्छ।

१६. भारतमा मलिमथ समितिको प्रतिवेदन (Malimath Committee Report, 2003) को सिफारिसका आधारमा सन् २००६ मा फौजदारी कार्यविधि संहिता ((Criminal Procedure Code - CrPC) मा अध्याय XXI-A थप गरी यसलाई औपचारिक रूपमा लागू गरियो। भारतमा ७ वर्षभन्दा बढी कैद सजाय हुने, देशको सामाजिक-आर्थिक अवस्थालाई असर गर्ने र महिला वा १४ वर्षमुनिका बालबालिका विरुद्ध भएका अपराधमा Plea Bargaining गर्न पाइँदैन। यहाँ पीडितको सहमति र भूमिका अनिवार्य हुन्छ। Thippaswamy v. State of Karnataka, 1983 को मुद्दामा अभियुक्तलाई प्रलोभन वा डर देखाएर गल्ती स्वीकार गराउन नहुने र Plea Bargaining पूर्ण स्वेच्छिक (Voluntary) हुनुपर्ने भन्ने सिद्धान्त प्रतिपादन गरेको थियो। अर्को मुद्दा (State of Uttar Pradesh v. Chandrika, 2000) मा भारतीय सर्वोच्च अदालतले

Plea Bargaining को आधारमा मात्रै सजाय कम गर्न नपाइने र यो न्यायशास्त्रको मर्म विपरीत भएको प्रारम्भिक टिप्पणी गरेपछि कडा शर्तसहितको कानून बनाइएको हो।

१७. नेपालको सन्दर्भमा संहिता कानून लागू भएपश्चात Plea bargaining को अवधारणाले कानूनी र संस्थागत रुप लिएको हो। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ ले कसूरमा साविती रहेको र अनुसन्धानमा सहयोग पुऱ्याउने अभियुक्तको हकमा अभियोजनकर्ताले अभियुक्तसँग सम्झौता गरी निश्चित शर्तमा सजायमा छुटको मागदावी लिने गरी Plea Bargaining को व्यवस्थालाई अङ्गीकार गरिएको छ। यदि अभियुक्तले आफूले गरेको कसूर पूर्णरुपमा स्वीकार गरी साबिती भएमा निजलाई पच्चीस प्रतिशतसम्म सजाय छुटको मागदावी लिइने र निज अभियुक्तले कसूरमा साबित भई सो कसूरमा संलग्न अन्य ब्यक्तिलाई पक्रन वा कसूर गर्न प्रयोग भएको सवारी साधन, यन्त्र, उपकरण लगायतका वस्तु वा हातहतियार बरामद वा जफत गर्न सघाएको भए सजायमा पचास प्रतिशतसम्म छुटको मागदावी लिई अभियोग पत्र दायर गर्न सक्ने प्रावधान रहेको छ।

१८. अर्कोतिर सजाय तोक्ने अदालतको अधिकार सम्बन्धमा मुलुकी अपराध संहिताको दफा ४७ ले यदि अभियुक्तले कसुर स्वीकार गरी अनुसन्धानमा सहयोग गरेको छ, प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न सहयोग गरेको छ वा कसुर गर्दाको परिस्थिति विचार गर्दा सजाय कम गर्न उपयुक्त देखिन्छ भने इजलासले कानूनको परिधिभित्र रही सजाय छुट दिन सक्ने गरी कानूनी व्यवस्था गरेको देखिन्छ। सो व्यवस्थाले अनुसन्धानको क्रममा तथा अदालतमा समेत कसूरदारको सहयोगी भूमिका भएमा तथा समग्र कसूर हुँदाको अवस्था समेतलाई बिचार गरी इजलासले सजाय छुटको निर्णय गर्न सक्ने इजलासको स्वविवेकीय अधिकारलाई सुनिश्चित गरेको देखिन्छ।

१९. यस व्यवस्थाका अतिरिक्त पनि इजलासले सजाय निर्धारण गर्ने क्रममा विचार गर्नुपर्ने भनी संहिताका अन्य दफाहरुमा समेत व्यवस्थाहरु गरिएका छन्। जसअनुसार मुलुकी अपराध संहिताको दफा ३८ ले कसूरको गम्भीरता बढाउने अवस्था अन्तर्गत विविध अवस्थाहरुको उल्लेख गरिएको छ। सोही संहिताको दफा ३९ ले कसूरको गम्भीरता घटाउने अवस्थाको कानूनी व्यवस्था गरिएको छ। यस व्यवस्था अन्तर्गत अन्य विविध अवस्थाका अतिरिक्त देहाय (ङ) मा कसूरदारले स्वेच्छाले कसूर स्वीकार गरेको वा त्यस्तो कसूर गरे बापत

पश्चाताप गरेको र देहाय (च) मा कसूरदारले सम्बन्धित अधिकारी समक्ष आत्मसर्मपण गरेको अवस्थालाई कसूरको गम्भीरता घटाउने अवस्थाको रुपमा राखिएको छ। त्यसैगरी, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२३ ले अभियुक्तले कसूर स्वीकार गरे मुद्दाको फैसला तत्काल गर्नुपर्ने व्यवस्था गरेको छ। यसका अतिरिक्त फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १४ मा सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने कुराहरु, दफा १५ मा सजाय निर्धारण गर्ने आधारहरु तथा दफा १७क. मा कम सजाय तोक्ने र राय पेश गर्ने लगायतका व्यवस्थाहरु रहेका छन्। यसबाट सजाय तोक्दा इजलासले अपराधको गम्भीरता बढाउने वा घटाउने तत्वहरु, कसूरदारको उमेर, शारीरिक तथा मानसिक अवस्था, कसुर गर्दाको परिस्थिति र निजले अनुसन्धानमा गरेको सहयोग समेतलाई ध्यानमा राखी उचित सजाय तोक्न सक्ने अधिकार कानूनले नै प्रत्याभूत गरेको पाइन्छ।

२०. अब, **"सजाय छुटको मागदावी नलिई अभियोगपत्र दायर भएको अवस्थामा अदालतले सजायमा छुट दिन सक्ने हो वा होइन?"** भन्ने दोस्रो प्रश्न उठ्छ। सो सम्बन्धमा विवेचना गर्दा माथि विवेचना गरिएबमोजिम नेपालको फौजदारी न्याय प्रणालीलाई समष्टिगत रुपमा हेर्दा अभियोजनकर्ता वा सरकारी वकिलले सजाय कम गर्ने सिफारिस वा मागदाबी मात्र गर्न सक्ने, सजाय छुट दिने वा नदिने कुराको अन्तिम निर्णय (Final Adjudication) अदालतबाट हुने व्यवस्था रहेको छ। अर्थात कसूरदारलाई सजाय तोक्ने र निश्चित परिस्थितिमा सजाय छुट वा कम गर्ने अन्तिम अधिकार इजलासलाई सुम्पिएको देखिन्छ। सम्बन्धित इजलासले न्यायिक तवविजी अधिकार (Judicial Discretion) प्रयोग गरी सजाय निर्धारण गर्न सक्ने हुन्छ। मुलुकी अपराध संहिताको दफा ४७ को प्रावधान अदालतको स्वविवेकसँग सम्बन्धित रहेको र मुलुकी फौजदारी कार्यबिधि संहिताको दफा ३३ ले सरकारी वकिलको मागदाबी लिन सक्ने अर्थात Plea Bargaining को व्यवस्था भएको सन्दर्भमा यी दुई पृथक प्रयोजन र औचित्यका लागि ल्याइएका व्यवस्थाहरु रहेको देखिन्छ।

२१. यसकारण सजाय छुटको लागि अभियोगपत्रमा मागदावी भएकै भएपनि अभियुक्तले आफ्नो कसूर स्वीकार गरी अदालतमा वयान नगरेको अवस्था वा अभियुक्तको कसूर छुट पाउन योग्य देखिएन भन्ने इजलासलाई लागेमा आधार कारण खुलाएर सजायमा छुट नदिने गरी

पनि फैसला हुन सक्छ। यसका विपरित यदि अभियोजन गर्ने क्रममा सजाय छुटको मागदावी नभएको भएतापनि मुद्दाको पुर्पक्ष वा न्याय निरूपणको क्रममा अभियुक्तको आचरण र कसूर हुँदाको परिस्थितिका आधारमा इजलासलाई सजायमा छुट दिन न्यायोचित लागेमा मुलुकी अपराध संहिताको दफा ४७ बमोजिम सजायमा छुट दिन सक्ने वा कम सजाय हुने गरी फैसला गर्न सकिने व्यवस्था रहेको देखिन्छ। इजलासले उपयुक्त आधार र कारण खुलाएर सजाय छुट दिन पूर्णरूपमा सक्षम र अधिकारसम्पन्न रहेको देखिन्छ। अभियोजनकर्ताले सजाय छुटको मागदावी लिन सक्ने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ को कानूनी प्रावधानले अदालतको मुलुकी अपराध संहिताको दफा ४७ बमोजिमको स्वविवेकीय अधिकारको प्रयोगलाई सीमित वा नियन्त्रण गर्न सक्ने भन्न मिल्दैन। यी दुई पृथक पृथक प्रावधान रहेको र प्रतिवादी अनुसन्धानमा सावित रही वा अनुसन्धानको समग्र प्रकृयामा सहयोगका वावजुद दफा ३३ बमोजिम सजाय छुटको मागदावी सहित अभियोगपत्र दर्ता नहुँदैमा ती समग्र अवस्थाको विवेचना गरी दफा ४७ बमोजिम सजायमा छुट दिन अदालत स्वतन्त्र रहेको देखियो।

२२. तेस्रो प्रश्न अर्थात **"मुद्दा नं. ०७८-RC-००६५ को जबरजस्ती करणी मुद्दाको फैसलामा भएको सजाय छुट सम्बन्धी ब्याख्या मिलेको छ वा छैन?"** भन्ने सन्दर्भमा हेर्दा, उक्त मुद्दामा यस अदालतबाट मिति २०७८।१०।२३ मा फैसला हुँदा **"अपराध संहिता र फौजदारी कार्यविधि संहितामा उल्लेख भएको व्यवस्था अनुसार अभियोगपत्रमा दावी नगरिएको अवस्थामा अदालतले अनुमानको भरमा उक्त दफा ४७ अनुसारको सजायमा छुट दिन सक्ने वा सजाय कम गर्न सक्ने देखिदैंन"** भन्ने व्यहोरा उल्लेख भई फैसला भएको देखिन्छ। अभियोगपत्रमा सजाय छुटको मागदावी नलिए पनि फैसला गर्दा सजायमा छुट दिने सम्बन्धमा अदालतले विचार गर्न सक्ने अवस्था रहेको भनी माथिका प्रकरणहरुमा विवेचना भइसकेको छ। यस्तो अवस्थामा अभियोग पत्रमा सजाय छुटको दावी भए मात्र छुट दिन मिल्ने भनी यस अदालतबाट जबरजस्ती करणी मुद्दा (०७८-RC-००६५) मा भएको ब्याख्या सो हदसम्म कायम रहन सक्ने देखिएन।

२३. यसैगरी अन्तिम प्रश्न अर्थात **"प्रस्तुत मुद्दामा सजाय छुट सम्बन्धमा के कस्तो निर्णय दिनुपर्ने हो?"** भन्ने तर्फ हेर्नुपर्ने हुन आयो। माथिका प्रकरणहरुमा सजाय छुटको अभियोग मागदावी

नभएपनि अदालतले सजायमा छुट दिन सक्ने भनी व्याख्या भइसकेको छ। प्रस्तुत मुद्दाको सन्दर्भमा प्रतिवादीहरु मध्येका महमद नौसाद र मोहम्मद रहिषले सजायमा छुट पाउँ भनी र प्रतिवादी दीपा भन्ने ईश्वरी भट्टराईले अभियोग दावीबाट सफाई पाउँ भनी यस अदालतसमक्ष पुनरावेदन गरेको तथा अर्का प्रतिवादी अर्जुनकुमार भन्ने भोलाकुमारको हकमा साधक जाँचको लागि मुद्दाको मिसिल पेस भएको अवस्था देखिन्छ। उक्त पुनरावेदनपत्र तथा साधक जाँचको लागि पेस भएको मिसिल यस अदालतको संयुक्त इजलासमा विचाराधीन रहेको अवस्थामा **"अभियोगपत्रमा सजाय छुटको मागदावी नलिएको अवस्थामा अदालतले सजायमा छुट दिन सक्ने हो वा होइन"** भन्ने प्रश्नमा निर्णय गर्ने प्रयोजनका लागि प्रस्तुत मुद्दा पूर्ण इजलास समक्ष पेस भएको देखिन्छ। संयुक्त इजलासबाट पूर्ण इजलासमा पेस गर्दा उठाइएको प्रश्नको निरुपण भइसकेको सन्दर्भमा अब अभियोगपत्रमा सजाय छुटको मागदावी नलिए पनि मुद्दाको तथ्य तथा विषयवस्तु हेरेर यस अदालतको संयुक्त इजलासबाट नै सजायमा छुट दिने वा नदिने समेतका विषयमा विवेचना गरी उपयुक्त निर्णय दिनुपर्ने देखिन आयो।

२४. तसर्थ माथि विवेचित आधार कारणबाट प्रतिवादीहरुको पुनरावेदन जिकिर तथा साधक जाँच सम्बन्धमा संयुक्त इजलासबाट नै निर्णय गर्नुपर्ने देखिँदा पूर्ण इजलासको लगत कट्टा गरी प्रस्तुत मुद्दा संयुक्त इजलासमा पठाइदिने ठहर्छ। प्रस्तुत फैसलाको विद्युतीय प्रति मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी प्रस्तुत मुद्दाको पूर्ण इजलासको दायरीको लगत कट्टा गरी संयुक्त इजलासको लगत कायम गरी सुनुवाइका लागि संयुक्त इजलासमा नियमानुसार पेस गर्नू।

कुमार रेग्मी
(न्यायाधीश)

**उक्त रायमा सहमत छौं।**

**नित्यानन्द पाण्डेय**
**(न्यायाधीश)**

**शारङ्गा सुवेदी**
**(न्यायाधीश)**

इजलास अधिकृत (उपसचिव):- कल्याण खड्का

**इति संवत् २०८३ साल बैशाख १७ गते रोज ५ शुभम्।**